# एनआरएनको सामान्यज्ञान

डा हेम राज शर्मा
प्रवक्ता गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद

गैरआवासीय नेपाली संघ (एनआरएनए)बाट पुराना साथीहरुले बिदा लिदैं गर्दा संघका विगतका गतिविधीहरु र ईतिहास विर्सिने हो कि भन्ने मैले महसुस गरेको छु किनभने सम्वन्धित दस्तावेजहरु हामीले संकलन वा तयार गर्न सकेका छैनौं। यसैलाई ध्यानमा राखेर २-३ वर्ष पहिले एनआरएन बारे एउटा किताव लेख्ने सोच बनाएको थिएँ तर त्यो अधुरो रह्यो। यही सोचलाई अली फरक ढङ्गले प्रस्तुत गर्ने कोशिश गर्दैछु: एनआरएको सामान्यज्ञान तयार पारेर। हप्तामा कम्तिमा एउटा प्रश्न तयार गरी दुई बर्षे प्रवक्ताको कार्यकालको अन्त्यमा संकलनगरी छपाउने अपेक्षा छ। एनआरएन अभियानमा लाग्ने नयाँ पिढीलाई यो उपयोगी हुनेछ भन्नेमा विश्वश्त छु। आदरणीय पाठकहरुको सुझाव र प्रतिकृया बिना यो कार्य सफलरुपमा सम्पन्न गर्न सजिलो हुने छैन। मेरो लिष्टमा नपरेका पाठकहरुका प्रश्न समेत समावेश गर्नेछु। यहाँहरुले एनआरएनए बारे के जान्न चाहानु हुन्छ जानाकारी पाउँ। प्रतिकृयाका लागी सम्पर्क ईमेल: hem_raj_sharma@hotmail.com अथवा फेसबुक nrna.spokesperson.

**प्रश्न १: एनआरएनएको स्थापना किन, कसरी र कहिले भएको थियो?**

विदेशमा रहेका नेपाली र नेपाली मुलका विदेशी नागरिकको ज्ञान, शिप प्रविधी र पुंजीको परिचालन गर्दै देश विकासमा टेवा पुर्‍याउन सकिने सोचले रसियामा बस्ने नेपालीहरुको सकृयतामा २००३ अगष्टमा लण्डनमा एक भेला आयोजना गरी सोही वर्षको अक्टोवर ११-१३ तारिखमा काठमाडौमा पहिलो विश्व सम्मेलनगरेर विधीवतरुपमा गैरआवासीय नेपाली संघको स्थापना भएको थियो। एनआरएनएको गर्व रसियामा, जन्म लण्डनमा र न्वरान काठमाडौंमा भएको जानाकारहरु बताउछन। लण्डन बैठकको आथित्य नेपालबाहिर भएको सबै भन्दा पुरानो नेपाली सँस्था यती एसोशियनले गरेको थियो भने बैठकमा बेलारुसबाट उपेन्द्र महतो, रसियाबाट भिम उदास र जीबा लामिछाने, जर्मनीबाट राम प्रताप थापा, अमेरिकाबाट श्रीमान श्रीमती राज उपाध्याय, अष्ट्रेलियाबाट दिपक खड्का, क्यानाडाबाट किञ्जन शर्मा, बेलायतबाट डा राघव घिताल, चिरनजीवी ढकाल, हरि विभोर कार्की, निमा लामा, महन्त श्रेष्ठ, ध्रुव केसी, माधवलाल श्रेष्ठ, बाल मुकुन्द जोशी लगायतकाको उपस्थिति थियो (लण्डन बैठक पछि खिचिएको फोटो तल

हेर्नुस, फोटो सौजन्य जीबा लामिछाने। पहिको विश्व सम्मेलनमा ३२ देशबाट २२८ जनाको सहभागिता थियो।




पछाडी बायाँबाटः जीवा लामिछाने (रसिया, वर्तमान एनआरएनए आईसिसि अध्यक्ष), चिरनजिवी ढकाल (यूके, पूर्व आईसिसि सचिव), रविन्द्र मिश्र (बिबिसि नेपाली सेवा), महन्त श्रेष्ठ (एनआरएनए यूके सँस्थापक अध्यक्ष), बालमुकुन्द जोशी (यूके, संचारकर्मी), हरि विभोर कार्की (यूके, पूर्व आईसिसि सदस्य), राज उपाध्याय (अमेरिका), राम थापा (जर्मनी, पूर्व आईसिसि उपाध्यक्ष तथा वर्तमान संरक्षक)

अगाडी बायाँबाटः दिपक खड्का (अष्ट्रेलिया, आईसिसि सल्लाहकार), कुञ्जर शर्मा (क्यानाडा, पूर्व आईसिसि सदस्य), डा उपेन्द्र महतो (बेलारुस, एनआरएनए सँस्थापक अध्यक्ष), प्रो सुर्य सुबेदी (यूके, एनआरएनए संरक्षक), निमा लामा (यूके, पूर्व यती एसोशियन अध्यक्ष), श्रीमती राज उपाध्याय (अमेरिका) र भिम उदास (रसिया, पूर्व आईसिसि महासचिव तथा वर्तमान संरक्षक)।

(यो तस्विर लण्डन बैठक पछि खिचिएकोले बैठकमा सहभागी केही स्थानीय व्यक्तित्वहरु छुट्नु भएको र तस्विरमा देखिएका केही व्यक्तिहरु बैठकमा सहभागी हुनु भएको थिएन, बैठककक्षको फोटो हाल सम्म भेटिएको छैन।)

**प्रश्न २ः को हुन गैरआवासीय नेपाली (एनआरएन)?**

बाहिर बस्ने नेपालीहरुमा नेपालप्रतिको सामिप्यता अभिवृद्दि गरि नेपालको सर्वाङ्गिण विकासमा सहभागी गराउने उद्देश्यका साथ व्यवस्थापिका संसदले २००७ अगष्ट २७ (२०६४ भाद्र १०) मा एक ऐन जारी गरि उनीहरुलाई 'गैरआवासीय नेपाली (एनआरएन)' को रुपमा मान्यता दिएकोछ। नेपाल सरकारको यस ऐन अनुसार गैरआवासीय नेपाली भन्नाले सार्कको सदस्य मुलुक बाहेक अन्य मुकुलमा कुनै पेशा, व्यवसाय र रोजगारी गरी कम्तीमा दुई वर्ष बिदेशमा बसोबास गरेको नेपाली नागरिक वा सार्कको सदस्य मुलुकबाहेक अन्य मुलुकको नागरिकता लिएका नेपालीमुलका नागरिकलाई जनाउँदछ। सरकारी परिभाषामा नेपाल सरकारबाट खटीई विदेशस्थित कुटनैतिक नियोग वा महावाणिज्य दुतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक गैरआवासीय नेपालीमा पर्दैनन्। गैरआवासीय नेपालीसंघको विधानले भने एक आर्थीक वर्षमा १८२ दिन भन्दा बढी नेपाल बाहिर बस्ने विधार्थी लगायतका सबै नेपालीहरुलाई गैरआवासीय नेपालीमा परिभाषित गरेको छ।

१८२ दिनको विश्वब्यापी परिभाषा विपरित गरेको सरकारको दुई वर्षे परिभाषाले अल्पकालिन वैदेशिक रोजगारमा गएका नेपालीहरुलाई उपेक्षा गरेको भन्दै संघले सरकारी परिभाषा अस्विकार गरेकोछ। नेपाल सरकारले पनि न्युनतम अवधी दुई बर्ष कै किन तोक्नु पर्यो भन्ने प्रष्ट गर्न सकेको छैन। यही असहमतीले गैरआवासीय नेपाली संघ अझै नेपालमा दर्ता हुन सकेको छैन। स्मरणीय रहोस नेपाल सरकारले सन् २००५ सेप्टेवर २ (२०६२ साल भाद्र १७) मा जारी गरेको 'गैरआवासीय नेपालीका सम्वन्धमा व्यवस्था गर्न बनेको अध्यादेश'ले समेत १८२ दिन भन्दा बढी बाहिर बस्ने नेपाली नागरिकलाई गैरआवासीय नेपालीमा परिभाषा गरेको थियो। तत्काल संसद नभएकोले राजा ज्ञानेन्द्रको सत्ताकालमा उक्त अध्यादेश जारी गरिएको थियो। पछि शाहीकालका सबै अध्यादेशहरु लोकतान्त्रिक सरकारले खारेज गर्दा यो अध्यादेश पनि खारेज भएको थियो। मुलुकले एक पटक स्वीकार गरिसकेको १८२ दिनको परिभाषा अनुसार एनआरएनएका सांगठनिक संरचनाहरु विकास भएका छन् र कतिपय राष्ट्रिय समन्वय समितिहरु सम्वन्धित राष्ट्रहरुमा सोही अनुरुप दर्ता भएका पनि छन। परिभाषा सच्चाउन संघको नयाँ कार्यसमितिले नेपाल सरकारलाई औपचारिकरुपमा अनुरोध गरि सकेकोछ।

**प्रश्न ३ः गैरआवासीय नेपाली संघका प्रमुख उद्देश्यहरु के के हुन?**

स्थापनाकाल देखि संघको उद्देश्य विदेशमा बस्ने नेपालीहरुलाई एकजुट गर्दै उनीहरुले आर्जन गरेको ज्ञान, शिप, प्रविधी र पुंजी नेपालमा भित्राएर देशको आर्थिक र सामजिक बिकासमा टेवा पुर्याउने रहेकोछ। संघको विस्तार र विकास क्रमसँगै उद्देश्यहरु थपिदै गएका छन्।

संघको हालको विधानले निम्न उद्देश्यहरु निर्धारित गरेको छ। तर राष्ट्रको अपेक्षा आर्थिक लगानीमा नै छ।

१) विदेशमा बस्ने नेपालीहरुको हितलाई संरक्षण गर्ने एवं नेपालको प्रवर्द्धन गर्ने।

२) संसारभरिका नेपाली संघ संगठनहरुसंग समन्वय कायम गर्ने एवं विश्व सञ्जाल स्थापना गरी गैरआवासीय नेपालीहरुको साझा संस्थाको रुपमा तिनको प्रतिनिधित्व गर्ने।

३) गैरआवासीय नेपालीको पूँजी र मानव संसाधनको लगानी नेपालको चौतर्फि विकासमा लगानी गर्न नेपाल सरकार र नेपाली उद्यमीहरुसंग साझेदारी स्थापना गर्ने र त्यसको विकास गर्ने।

४) विदेशी मुलुकमा नेपाली संस्कृति र पर्यटनको प्रवर्द्धन गर्ने।

५) विदेशी प्रत्यक्ष लगानीलाई नेपालभित्र आकर्षण गर्नका लागि उत्प्रेरकको रुपमा कार्य गर्ने।

६) गैरआवासीय नेपालीहरु बसोबास गरि रहेका मुलुकहरुमा उनीहरुको स्थायित्व र समग्र हितका लागि क्रियाशिल रहने।


**प्रश्न ४: गैरआवासीय नेपाली संघका नियमित गतिविधीहरु के के हुन?**

गैरआवासीय नेपाली संघले प्रत्येक दुई वर्षमा काठमाडौंमा विश्व सम्मेलन र नेपाल बाहिर क्षेत्रीय सम्मेलनहरु आयोजना गर्दै आएको छ। साथै गैरआवासीय नेपाली संघको स्थापना भएको दिन अक्टोवर ११ लाई गैरआवासीय नेपाली दिवस (NRN Day) को रुपमा नेपाल भित्र र बाहिर मनाईन्छ। यी बाहेक आवश्यक अनुसार बिभिन्न क्षेत्रमा क्षेत्रीय बैठकहरु आयोजना हुने गर्छन भने राष्ट्रिय समन्वय परिषदका आ-आफ्नै छुट्टै कार्यक्रमहरु हुन्छन्।

हाल सम्म पाचँवटा विश्व सम्मेलन (२००३ अक्टोवर ११-१३, २००५ अक्टोवर ७-९, २००७ अक्टोवर १५-१७, २००९ अक्टोवर १३-१५, २०११ अक्टोवर १२-१४) र छ वटा क्षेत्रीय सम्मेलन (२००५ जनवरी २०-१३ दोहा कतार, २००६ जुन २-४ बोन जर्मनी, २००८ बैंकक, २०१० ह्युस्टन अमेरिका, २०११ जनवरी १४-१६ दुबई युएई, २०११ जुलाई २३-२५ मस्को रसिया) हरु सम्पन्न भईसकेका छन्। स्थानिय निकाय-वासिन्दासँग गैरआवासीय नेपालीहरुको सहकार्य बढाउने उद्देश्यले गैरआवासीय नेपाली दिवस कार्यक्रम काठमाडौ बाहिर आयोजना गरिन्छ। हाल सम्म जनकपुर र पोखराले आथित्य गरेकोछ।

विश्वसम्मेलनमा भाग लिने प्रतिनिधी र राष्ट्रहरुको सँख्या प्रत्यक वर्ष बढ्दै गएको तथ्याङ्क छ (माथीको ग्राफ हेर्नुस)। चौथो र पाचौं सम्मेलनमा चुनावी प्रतिस्पर्दाले गर्दा प्रतिनिधीहरुको सँख्या पहिलेका सम्मेलन भन्दा भन्दा दुई-तिन गुणाले बढेको थियो। विश्व सम्मेलन प्रतिको चासोले

कती सँख्या बढायो एकिन गर्न सजिलो छैन। नेपालबाट सम्मेलनमा सहभागी हुनेको सँख्या घट्दोछ।




**प्रश्न ५: विश्व सम्मेनलका प्रमुख उद्देश्य के के हुन र सम्मेलन कसरी सम्पन्न हुन्छ?**

प्रत्यक दुई बर्षमा काठमाडौंमा सम्पन्न हुने विश्व सम्मेलन गैरआवासीय नेपाली संघको मात्र नभएर देश बाहिर बस्ने सम्पूर्ण नेपालीहरुको सम्मेलन हो। त्यसैले यसलाई गैरआवासीय नेपाली विश्व सम्मेलन भनिन्छ (गैरआवासीय नेपाली संघको विश्व सम्मेलन नभनीकन)। सम्मेलनको आयोजना नेपाल सरकार, नेपाल उधोग तथा बाणिज्य महासंघ र गैरआवासीय नेपाली संघले संयुक्त रुपमा गर्छन र सम्मेलनमा तिन वटै पक्षको सकृय सहभागिता रहन्छ। सम्मेलनमा संसारभरका प्रवासी नेपालीहरु (भारत लगायतका) के भाग लिन्छन।(भारतका प्रवासीका नेपालीले पहिलेका सम्मेलनहरुमा भाग लिए पनि पछिल्ला त्यस्तो हुन सकेको छैन।) सम्मेनलको मुख्य कार्यक्रम तिन दिनको हुने भए पनि सम्मेलन पूर्व र पछी गरी करिव एक हप्ताभर विभिन्न कार्यक्रमहरु आयोजना हुन्छन्।

विश्व सम्मेलनका दुईबटा उद्देश्य हुन्छन। पहिलोः नेपालमा लगानी गर्न चाहाने, नेपालको आर्थिक-सामाजिक विकास देखी नेपाली भाषा, साहित्य, सस्कृतीको जगेर्ना गर्न सहयोग गर्ने, ज्ञान, सिप र प्रविधीको साटसाट (share) गर्न चाहने देश विदेशमा रहेका नेपालीहरु वा सँस्थाहरुलाई विचारको मन्थन गर्ने साझा थलो (Platform) प्रदान गर्ने र आपसी सहकार्यको वातावरण तयार गर्ने। यसको साथै गैरआवासीय नेपालीहरुका समस्या र संभावनाबारे सम्वधीत निकायको प्रत्यक्ष ध्यानाकर्षण गराईन्छ। बिभिन्न विषयगत सत्रहरु (session) मा नेपाल सरकारका उच्चपदस्त अधिकारी तथा सरोकारवाला मन्त्रीहरुलाई आमन्त्रण गरेर गैरआवासीय नेपालीसँग प्रत्यक्ष

अन्तर्कृया गरिन्छ। सम्मेलनको उद्घाटन राष्ट्र प्रमुख र समापन सरकार प्रमुखले गर्ने प्रचलन भएकोले गैरआवासीय नेपालीहरुका मुद्दाहरुले राष्ट्रिय सञ्चार माध्यममा उच्च महत्व पाउँछन्।

’Government of the day÷ सँग काम गर्ने गैरआवासीय नेपाली संघको निति अनुसार जुनै राजनैतिक व्यवस्था वा दलको प्रतिनिधित्व गर्ने राष्ट्र-सरकार प्रमुख सत्तामा भए पनि सम्मेलनमा आमन्त्रण गरिन्छ। देशको समसामहिक विषयमा छलफल गर्न विभिन्न राजनैतिक दलका नेताहरु र नागरिक समजाका अगुवाहरुलाई सम्मेलनमा निमन्त्रणा गरिन्छ।

विश्व सम्मेलनको दोश्रो उद्देश्य गैरआवासीय नेपाली संघको आन्तरिक गतिविधिमा केन्द्रित हुन्छ, जसलाई गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन भनिन्छ। महाधिवेशनका नियमित गतिविधीहरु जस्तै संघको विधान संशोधन, प्रगति विवरण, आर्थिक प्रतिवेदन आदि पेश गरिन्छ। महाधिवेशनले दुई वर्षे कार्यकालको लागि नयाँ नेतृत्व पनि चयन गर्छ। विगत दुई सम्मेनलमा चुनावले बढी प्राथमिकता पाएकोले आलोचित हुनु परेकोछ।

सम्मेलनमा छलफल भएका विषयमा आधारित भएर सम्मेलनको अन्यमा ’काठमाडौ घोषणापत्र÷ जारी गरिन्छ, जसमा सम्मेलनका तिनवटै आयोजनहरुको हस्ताक्षर रहन्छ वा स्वामित्व हुन्छ। यसै घोषणापत्रको आधारमा गैरआवासीय नेपाली संघले दुई बर्षको कार्ययोजना र परियोजना निर्धारण गर्छ। घोषणापत्रका प्रतिबद्दताहरुलाई कार्वान्यिन गर्न बिषयगत कार्यदलहरु (task forces) गठन गरिन्छ। विगतमाका घोषणापत्रमा गरिएका प्रतिबद्दता अनुसारको काम हुन नसकेको महसुस भएकोले गैरआवासीय नेपाली संघले आन्तरिकरुपमा घोषणापत्रहरुको समिक्षा गर्दैछ भने सोही कार्यको लागी नेपाल सरकारको प्रस्तावमा नेपालसरकार, महासंघ, गैरआवासीय नेपाली संघका दुई दुई जना प्रतिनिधी रहने गरी एक समिति गठन गर्ने निर्णय भएकोछ।




पहिलो विश्व सम्मेलनका सहभागीहरु ।

**प्रश्न ६: विश्व सम्मेलन र क्षेत्रीय सम्मेलनमा के फरक छ?**

विश्व सम्मेलनमा जस्तै क्षेत्रीय सम्मेलनमा पनि विश्व भरका गैरआवासीय नेपालीहरुको सहभागिता रहन्छ। सम्मेलनमा नेपाल सरकार प्रतिनिधी, नेपालका व्यवसायीहरु तथा सञ्चारकर्मीहरुलाई आमन्त्रण गरिन्छ। क्षेत्रीय सम्मेलनको आयोजना गैरआवासीय नेपाली संघ एक्लैले गर्छ। क्षेत्रीय सम्मेलन सम्वन्धी क्षेत्रमा बसोबास गर्ने गैरआवासीय नेपालीहरुको समस्या र संभावनामा केन्द्रित हुन्छ। जस्तै, २००५ सालमा कतारको दोहामा सम्पन्न पहिलो र २०११ मा दुबईमा पाचौं क्षेत्रीय सम्मेलन मार्फत मध्यपूर्वमा भएका नेपाली कामदारहरुको समस्याबारे पहिचान र समाधानका सुझावहरु, २००६ मा जर्मनीको बोनमा सम्पन्न दोश्रो क्षेत्रीय सम्मेलन दोहोरो नागरीकतामा र २०१० मा अमेरिकामा सम्पन्न चौथो सम्मेलन नेपालमा खुला विश्वविधालयमा स्थापनामा केन्द्रित थियो।

क्षेत्रीय सम्मेलनमा संघका परियोजनाहरु र अन्य कार्यमा भएका प्रगतीको समिक्षा गरिन्छ। सामान्यतया, क्षेत्रीय सम्मेलनमा संघको विधान संशोधन तथा आर्थिक प्रतिवेदन अनुमोदन हुदैन। तर पाचौं विश्व सम्मेलनमा विधानमा छलफल गर्न प्रयाप्त समय नभएकोले आगामी क्षेत्रीय सम्मेलनलाई विधान संशोधन गर्ने अधिकार अन्तर्राष्ट्रिय महाधिवेशनले दिएकोछ। २००९-२०११ को कार्यकालमा मात्र तीनवटा क्षेत्रीय सम्मेलनहरु आयोजना गरिएको थियो। यसले संघको अधिकांश समय र श्रोत सम्मेलनमा खर्च भएको महसुस गरी एक कार्यकालमा एउटा मात्र क्षेत्रीय सम्मेलन गर्ने विधानमा व्यवस्था गरिएको छ।सातौं क्षेत्रीय सम्मेलन अस्ट्रेलियाको सिड्नीमा २०१२ अगष्ट ३० देखी सेप्टेम्वर १ सम्म आयोजना हुदैछ।


**प्रश्न ७: सम्मेलनहरु आयोजना गर्ने लाग्ने खर्च कसरी जुटाईन्छ?**


विश्व सम्मेलन आयोजना गर्न लाग्ने खर्चको ठुलो हिस्सा सौंजन्यता (sponsorship) र सहभागीहरुको दर्ता शुल्क (registration fee) बाट जुटाईन्छ। मध्यपूर्व र म्यान्मार लगातयका देशबाट सहभागीहुने तथा विधार्थीहरुका लागी दर्ता शुल्क ५० अमेरिकी डलर र अन्य सहभागीका लागी १०० डलर लिने गरिन्छ। सौजन्यता गैरआवासीय नेपाली संघका पदाधिकारीहरुले व्यक्तीगतरुपमा वा उनीहरुबाट सञ्चालित व्यवसायी सँस्थाले गर्दछन।

विश्व सम्मेलनको आयोजक नेपाल सरकार सरकारले थोरै अंश (करीव २०%) सम्मेलनमा खर्चिन्छ। सम्मेलनको अर्को आयोजक नेपाल उधोग तथा बाणिज्य महासंघले सम्मेलनलाई चाहिने लजिस्टिक र म्यानपावर उपलव्ध गराउछ। क्षेत्रीय सम्मेलनमा लाग्ने खर्च भने संघले

मात्र जुटाउछ। सम्मेलन भर सहभागीहरुको खान-पिनको व्यवस्था गर्नु पर्ने, सम्मेलनमा सहभागी हुने नेपालका उच्चपदस्थ अधिकारीका लागि सुरक्षाको लागि उपयुक्त हुने ठाउँमा सम्मेलन आयोजना गर्नु पर्ने, सञ्चार माध्यमलाई सहज उपस्थितिको लागी व्यवस्था मिलाउनु पर्न आदि कारणले सम्मेलन निकै खर्चिलो हुन्छ। सहभागीको सँख्या र महङ्गी बढ्दै गएकोले विश्व सम्मेनको खर्च पनि बर्षिनै बढ्दो छ । दोश्रो सम्मेलनमा करीब ४३ लाखको खर्च थियो भने पछिल्लो पाचौ सम्मेलनमा १ करोड ३० लाखको हाराहारीमा खर्च भएको थियो। सहभागीको सँख्या पनि यही अनुमातमा बढेको थियो (तलको ग्राफ हेर्नुस)।सम्मेलनका सबै सहभागीहरु (संघको नेतृत्व समेत) ले नेपाल आउने जाने, बस्ने सबै खर्च आफैं बेहोर्छन। नेपालमा रहदा एक सहभागीले औसतमा ५-६ सय डलर (जहाज खर्च बाहेक) मात्र खर्च गर्यो भने पनि नेपालको अर्थबजारमा करोडौं रुपैयाको योगदान रहन्छ, जुन सरकारले सम्मेलनमा लगानी गरे भन्दा कयौं गुणा बढी हुन्छ।

विश्व सम्मेलनमा नेपाल सरकारले गर्ने खर्चको बारेमा सञ्चार माध्यममा नकरात्मक टिकाटिप्पणी आए पछि संघले नेपाल सरकारलाई अफ्ठेको पर्ने भए सवै खर्च आफै जुटाउने कुरा परराष्ट्रमन्त्री मार्फत राखिको थियो। सरकारले आयोजनको हैसियतले खर्च जुटाउने दायित्व आफ्नो पनि भएको बताएकोछ। संभवत अर्को विश्व सम्मेलनको सबै खर्च एकलरुपमा संघले जुटाउनेछ। यसै गरी, असमान दर्ता शुल्कले निर्वाचनमा एक क्षेत्रको प्रभाव पर्ने भएकोले दर्ता शुल्क क्षेत्रीय आधारमा नभई सहभागीको आम्दानीको आधारमा हुनु पर्ने आवाज पनि उठेको छ। सम्मेलनमा हुने खर्च कसरी कम गर्ने उपायहरुबारे पनि छलफल भएका छन।




विश्व सम्मेलनमा सहभागीको सँख्या र लाग्ने खर्च। सहभागीको अनुपात अनुसार नै खर्च बृद्दी भएकोछ।

**प्रश्न ८: एनआरएनए नेपालमा किन दर्ता हुन सकेको छैन?**

अभियान शुरु भएको ८ वर्ष पुरा भए पनि विविध कारणले गैरआवासीय नेपाली संघ नेपालमा कानूनीरुपमा दर्ता हुन सकेको छैन। नेपालको संघ सँस्था दर्ता ऐन अनुसार नेपाली नागरिकहरुले मात्र संघ दर्ता गर्न सक्छन। अभियानमा लागेका कतिपयले विदेशी नागरिकता लिएका कारणले उनीहरुको नेपाली नागरिकता रद्द भएको वा छाड्न परेको स्थितिछ। त्यसैले संघको दर्ता गर्न विशेष कानूनी व्यवस्था अथवा गैरआवासीय नेपाली सम्वन्धी विधयेकको अपरिहार्य रह्यो। उक्त विधयेक २००७ अगष्टमा मात्र लागु भयो भने विधयेक अन्तर्गतको ऐन बन्न अर्को दुई वर्ष वा २००९ सम्म कुर्नु पर्यो। यसरी आएको विधयेकमा पनि गैरआवासीय नेपालीको परिभाषा विश्वब्यापी मान्यता र संघको विधानसँग नमिल्ने गरी आयो। यही असहमतीको कारणले संघ अहिले सम्म दर्ता हुन सकेको छैन।

गैरआवासीय नेपाली सम्वन्धी ऐनले "विदेशमा बस्ने नेपाली नागरिक भन्नाले सार्कको सदस्य मुलुकमा बसोबास गरेको, नेपाल सरकारबाट खटिई विदेशस्थित कूटनीतिक नियोग वा महावाणिज्य दूतावासमा बहाल रहेको र विदेशस्थित शिक्षण संस्थामा अध्ययन गरिरहेको नेपाली नागरिक बाहेक कुनै पेशा, व्यवसाय र रोजगारी गरी विदेशी मुलुकमा कम्तीमा दुई वर्ष बसोबास गरेको नेपाली नागरिक सम्झनुपर्छ" भनेर गैरआवासीय नेपालीको परिभाषा गरेको छ । तर, गैरआवासीय नेपाली संघले विश्वब्यापी मान्यता अनुसार चालू आर्थिक वर्षमा १८२ दिन भन्दा बढी दक्षिण एसियाली सहयोग संगठन अन्तर्गतका मुलुकहरू वाहेकका अन्य देशहरूमा अध्ययन, पेशा रोजगारी वा व्यवसाय गरी बसोवास गर्ने नेपाली नागरिकलाई गैरआवासीय नेपाली मान्दै आएको छ। ऐनको परिभाषाले, अल्पकालीन वैदेशिक रोजगारमा गएका नेपालीहरूले आफूहरू राष्ट्रबाट उपेक्षित भएको ठानेका र दुई वर्षको परिभाषा स्विकार्दा गैरआवासीय नेपाली बिचको एकता खलबलिने भएकोले परिभाषा सच्चाएर मात्र दर्ता गर्ने अडान संघले लिदै आएकोछ। तर संघ दर्ता नहुदा संयुक्त लगानी, खुल्ला विश्वविधालय जस्ता परियोजना अगाडी बढाउन कठिन भएको छ।नयाँ कार्यसमितिले परिभाषा सच्चाउन सरोकारवाला परराष्ट्र मन्त्रालयसँग पटकपटक छलफल गरी औपचारिक पत्रबाट अनुरोध गरेकोछ। विधयेकको परिभाषा सच्चाउन संसदले मात्र सक्ने र राष्ट्र अहिले शान्ती प्रकृयालाई टुङगो लगाउन र संविधान निर्माणमा केन्द्रित भएकोले परिभाषा सच्चाउने कुराले प्राथमिकता पाउने संभव छैन। यस अफ्ठेरो परिस्थितीको उपुयक्त निकास निकाल्न संघले कानूनविदसँग र आन्तरिकरुपमा परामर्श गरि राखेकोछ।

राजा ज्ञानेन्द्रको पालामा २०६२ साल भाद्र (सन् २००५ अगष्ट) मा जारी गरेको "गैरआवासीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश" ले समेत एक आर्थिक वर्षमा १८२ दिनभन्दा बढी बाहिर बस्ने नेपाली नागरिकहरूलाई गैरआवासीय नेपालीका रूपमा परिभाषित गरेको थियो । त्यसपछि बनेको लोकतान्त्रिक सरकारले राजा ज्ञानेन्द्रको पालामा जारी सबै अध्यादेशहरु खारेज गर्दा यो अध्यादेश पनि खारेज भयो। राष्ट्रले एक पटक स्विकार गरेको परिभाषा नै विधयेकमा आउनेछ भन्नेमा संघ विश्वस्त थियो।तर त्यसो हुन सकेन। सरकारले किन २-वर्षको समयाधी राख्नु पर्यो प्रस्टाउन सकेको छैन। १८२ दिने परिभाषा अनुसार संघका सांगठनिक संरचनाहरू विकास हुँदै आएका छन् र विभिन्न राष्ट्रहरूमा सोही परिभाषा अनुरूप राष्ट्रिय समन्वय परिषदहरू समेत दर्ता भई क्रियाशील रहँदै आएका छन् ।